नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

प.स.२०७२-७३/३.१/परिपत्र
च.न. ६०५

मिति : २०७२/१२/३०

**विषयः भौतिक प्रगति सम्बन्धमा ।**

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय**
**सबै ।**

यस कार्यालयको प.स. २०७२।७३ च.न. १ मितिः २०७२।०४।०८ को खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन सम्बन्धी निर्देशनको बुँदा नं. १८ मा "आयोजना/कार्यक्रमको भौतिक प्रगतिको आधारमा मात्र निकासा/भुक्तानी दिने व्यवस्था मिलाइएको छ तर पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भने भौतिक प्रगति आवश्यक पर्नेछैन" भनी उल्लेख भएकोमा मुलुकको विशेष परिस्थितिका कारण यस कार्यालयको प.स. २०७२।७३ च.न. २८० मितिः २०७२।०९।०५ को पत्रबाट उल्लेखित व्यवस्थालाई दोस्रो चौमासिक अबधिसम्म कायम गरिएकोमा अर्को व्यवस्था नभएसम्म तेस्रो चौमासिकको हकमा अघिल्लो चौमासिकको भौतिक लक्ष्यको ८० प्रतिशत वा सो भन्दा बढी प्रगति भएको हुनुपर्ने, भौतिक प्रगति ८० प्रतिशत भन्दा कम तर ५० प्रतिशत भन्दा बढी प्रगति भएको अबस्थामा सम्बन्धित आयोजना/कार्यक्रम प्रमुखबाट भौतिक प्रगति पुरा गर्ने पुष्ट्याइँ र आधार सहितको प्रतिबद्धता खुल्ने कागजात प्राप्त गरी मात्र निकासा/भुक्तानी गर्ने व्यवस्था मिलाउने । भौतिक प्रगति ५० प्रतिशत भन्दा पनि कम भएको अवस्थामा भने प्रगति कम हुनाको कारण र पुष्ट्याइँ सहित सम्बन्धित मन्त्रालय/निकायको सचिबस्तरीय निर्णय सहित अनुरोध भई आएमा मात्र निकासा/भुक्तानी दिने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

**बोधार्थः**
श्री महालेखा नियन्त्रक कार्यालय, सूचना प्रबिधि शाखाः *यस पत्रलाई वेभसाइटमा राखिदिनुहुन* ।

जीवनाथ पोखेल
उप-महालेखा नियन्त्रक